स्थानीय राजपत्र

के.आई.सिंह गाउँपालिका, डोटीद्वारा प्रकाशित

खण्ड: १० संख्या:०३ मिति:२०८३/०४/०४

भाग-०२

## के.आई.सिंह गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कानून यस के.आई.सिंह गाउँपालिकाको राजपत्रमा प्रकाशन गरिएको छ।

# विशेष अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि (PIP)
# (विशेष अनुदान अन्तर्गतको शैक्षिक सुदृढीकरण कार्यक्रम)

## खण्ड: १
## परिचय र सामान्य मार्गदर्शन

### १. पृष्ठभूमि र कानूनी आधार

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विशेष अनुदान कार्यविधि र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले स्थानीय तहलाई सुम्पिएको अधिकार क्षेत्रभित्र रही के. आई. सिंह गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ । आर्थिक वर्ष **२०८३/८४** को लागि स्वीकृत **कुल विशेष अनुदान रकम रू. १,६५,००,०००/- (एक करोड पैंसठ्ठी लाख अक्षरेपी)** को बजेट सीमाभित्र रही यसमा उल्लिखित २३ वटा शैक्षिक

सुदृढीकरणका क्रियाकलापहरूलाई तोकिएको प्रक्रिया र समयसीमा भित्र पारदर्शी, मितव्ययी र नतिजामुखी ढङ्गले कानुनी अनुशासन कायम गर्दै कार्यान्वयन गर्नु यस कार्यविधिको मुख्य उद्देश्य हो।

**२. मुख्य उद्देश्यहरू**

- गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको भौतिक, डिजिटल, खेलकुद तथा शिक्षण सिकाई वातावरणमा गुणात्मक सुधार ल्याउनु।
- शिक्षक तथा प्रधानाध्यापकहरूको पेसागत क्षमता विकास, प्रवोधिकरण र अनुगमन प्रणालीमार्फत सिकाई उपलब्धि दरमा वृद्धि गर्नु।
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकलाई समयसापेक्ष अद्यावधिक गरी सबै आधारभूत विद्यालयहरूमा सहज र व्यवस्थित रूपमा छपाई तथा वितरण सुनिश्चित गर्नु।
- शैक्षिक सुशासन, विद्यालय नक्साङ्कन, जोखिम न्यूनीकरण, विद्यार्थीहरूको मनोसामाजिक परामर्श र उत्कृष्ट विद्यार्थी प्रतिभालाई प्रोत्साहन गर्नु।

## खण्ड: २

## कार्यक्रम बजेट तथा क्रियाकलापगत विवरण

गाउँ सभाको २०८३ असार ३१ गतेको निर्णयानुसार स्वीकृत कार्यक्रमहरूको एकाइ, परिमाण, दर र बजेट लगायतको विस्तृत विवरण निम्न बमोजिम रहेको छ:

| क्र. सं | स्वीकृत क्रियाकलापको विवरण | एकाइ | परिमाण | दर (रू.) | बजेट (रू.) | प्रगति सूचक | जिम्मेवार निकाय/अधिकारी | कार्यान्वयन समयावधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयका प्रअ र वि व्य स का अध्यक्षहरूलाई अभिमुखीकरण कार्यक्रम | सहभागी | ७० जना | २,००० | १,४०,००० | • कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• सहभागी संख्या<br>• १ दिने अभिमुखीकरण कार्यक्रमको विषयवस्तु | शिक्षा, युवा तथा खेलकुद शाखा / | प्रथम त्रैमासिक (साउन - असोज) |
| २ | विद्यालयमा डिजिटल सिकाइका लागि ICT वा विज्ञान प्रयोगशाला वा पुस्तकालय सामग्री व्यवस्थापन | विद्यालय | ९ वटा | ९,००,००० | ८१,००,००० | • ICT अनुदान प्राप्त गर्ने विद्यालय संख्या<br>• विद्यालय छनोट गरिएको शिक्षा समितिको निर्णय | शिक्षा युवा तथा खेलकुद शाखा/विद्यालय | प्रथम र दोस्रो त्रैमासिक (श्रावण - पुष) |
| ३ | के. आई. सिंह गाउँ शिक्षा योजना तथा शिक्षा प्रोफाइल अद्यावधिक | पटक | १ | एकमुष्ट | १,५०,००० | • अद्यावधिक गाउँ शिक्षा योजना<br>• विल भर्पाइ<br>• शिक्षा समिति तथा अद्यावधिक कार्यशालाको उपस्थिति माइन्युट<br>• कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन | शिक्षा शाखा | प्रथम त्रैमासिक (श्रावण- भाद्र) |

| क्र.सं | स्वीकृत क्रियाकलापको विवरण | एकाइ | परिमाण | दर (रू.) | बजेट (रू.) | प्रगति सूचक | जिम्मेवार निकाय/अधिकारी | कार्यान्वयन समयावधि |
|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षकको मागमा आधारित ५ दिनको क्षमता विकास अभिवृद्धि तालिम | सहभागी | ४० जना | ९,००० | ३,६०,००० | • कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• ५ दिने तालिम सञ्चालनको विषयवस्तु<br>• विल भर्पाई<br>• सहभागी संख्या | शिक्षा शाखा / रोष्टर शिक्षक | दोस्रो चौमासिक (कार्तिक - पुष) |
| ५ | आधारभूत तहको कक्षा १-५ को स्थानीय पाठ्यक्रममा आधारित स्थानीय पाठ्यपुस्तक अद्यावधिक तथा छपाइ | संख्या | विद्यार्थी संख्या अनुसार | एकमुष्ट | ६,००,००० | • कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• स्थानीय पाठ्यपुस्तक परिमार्जन समितिको बैठक<br>• पुस्तक लेखन तथा अद्यावधिक<br>• छापाखाना छनोट र छपाइ, ढुवानी तथा विद्यालयमा वितरण<br>• विल भर्पाई<br>• सहभागी संख्या | शिक्षा शाखा / विद्यालय | दोस्रो र तेस्रो त्रैमासिक (कार्तिक - चैत्र) |
| ६ | आधारभूत तहको कक्षा ६-८ को स्थानीय पाठ्यक्रममा आधारित स्थानीय पाठ्यपुस्तक अद्यावधिक तथा छपाइ | संख्या | विद्यार्थी संख्या अनुसार | एकमुष्ट | ६,००,००० | • कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• स्थानीय पाठ्यपुस्तक परिमार्जन समितिको बैठक | शिक्षा शाखा | दोस्रो र तेस्रो त्रैमासिक (कार्तिक - चैत्र) |

| क्र. सं | स्वीकृत क्रियाकलापको विवरण | एकाइ | परिमाण | दर (रू.) | बजेट (रू.) | प्रगति सूचक | जिम्मेवार निकाय/अधिकारी | कार्यान्वयन समयावधि |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | • पुस्तक लेखन तथा अद्यावधिक<br>• छापाखाना छनोट र छपाइ, ढुवानी तथा विद्यालयमा वितरण<br>• विल भर्पाई<br>• सहभागी संख्या | | |
| ७ | आधारभूत तहको कक्षा १-८ को स्थानीय पाठ्यक्रममा आधारित स्थानीय पाठ्यपुस्तक अभिमुखीकरण कार्यक्रम | सहभागी | ६० जना | १,८०० | १,०८,००० | • सहभागी शिक्षकहरूको संख्या<br>• अभिमुखीकरण कार्यक्रमको विषयवस्तु<br>• विल भर्पाई | शिक्षा शाखा / रोष्टर प्रशिक्षक | प्रथम त्रैमासिक (श्रावण - असोज) |
| ८ | आधारभूत तहको कक्षा १-८ को स्थानीय पाठ्यक्रम अद्यावधिक खर्च | पटक | १ | एकमुष्ट | १,५०,००० | • कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• विल भर्पाई<br>• पाठ्यक्रम परिमार्जन समिति बैठक<br>• सरोकारवालासँग अन्तर्क्रिया<br>• शिक्षा समितिबाट गठित विज्ञ टोलीद्वारा पाठ्यक्रम परिमार्जन गरी अद्यावधिक | पाठ्यक्रम मस्यौदा समिति / शिक्षा शाखा | प्रथम चौमासिक (साउन - कात्तिक) |

| क्र.सं | स्वीकृत क्रियाकलापको विवरण | एकाइ | परिमाण | दर (रू.) | बजेट (रू.) | प्रगति सूचक | जिम्मेवार निकाय/अधिकारी | कार्यान्वयन समयावधि |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पाठ्यक्रम | | |
| ९ | आधारभूत तहको कक्षा १-८ को स्थानीय पाठ्यक्रम छपाइ खर्च | थान | ११० थान | अधिकतम ५०० | ५५,००० | • छपाई तथा विद्यालयहरूमा वितरण अभिलेख | शिक्षा शाखा / आर्थिक प्रशासन शाखा | दोस्रो त्रैमासिक (कार्तिक - पुष) |
| १० | अद्यावधिक नयाँ पाठ्यक्रमको प्रवोधिकरण | सहभागी | ५१ जना | १,८०० | ९१,८०० | • कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• विल भर्पाई<br>• कार्यक्रमको सहभागी संख्या र विषय वस्तु | शिक्षा शाखा /रोष्टर शिक्षक | प्रथम त्रैमासिक (साउन - कात्तिक) |
| ११ | विषयगत रोष्टरसहित विद्यालयमा अनुगमन अवलोकन पृष्ठपोषण र प्रतिवेदन तयारी | विद्यालय | ३१ | ५,००० | १,५५,००० | • अनुगमन कार्यतालिका निर्माण र कार्यान्वय<br>• रोष्टर शिक्षकद्वारा कक्षा अवलोकन<br>• पृष्ठपोषण र प्रतिवेदन बुझाउने | शिक्षा शाखा / रोष्टर शिक्षकहरू | शैक्षिक सत्र भर |
| १२ | विद्यालय जोखिम न्यूनीकरणका लागि नक्साङ्कन तथा अभिमुखिकरण कार्यक्रम | विद्यालय | ३१ | ५,००० | १,५५,००० | • विद्यालयको विपद् जोखिम नक्साङ्कन<br>• फोकल शिक्षकलाई अभिमुखीकरण<br>• सुरक्षा योजना निर्माण | शिक्षा शाखा / विपद् व्यवस्थापन शाखा | दोस्रो त्रैमासिक (कार्तिक - पुष) |

| क्र. सं | स्वीकृत क्रियाकलापको विवरण | एकाइ | परिमाण | दर (रू.) | बजेट (रू.) | प्रगति सूचक | जिम्मेवार निकाय/अधिकारी | कार्यान्वयन समयावधि |
|---|---|---|---|---|---|---|---|---|
| १३ | विद्यार्थी मनोसामाजिक परामर्श कार्यक्रम | विद्यालय | १४ | १०,००० | १,४०,००० | • शिक्षा समितिबाट लक्षित विद्यालय छनोट<br>• परामर्शदाता परिचालन<br>• विद्यार्थीहरूसँग सेसन सञ्चालन<br>• कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• विल भर्पाई | शिक्षा शाखा / मनोसामाजिक परामर्शदाता | दोस्रो र तेस्रो त्रैमासिक |
| १४ | सामुदायिक विद्यालयमा सिकाईमैत्री, बालमैत्री वातावरण निर्माणका लागि भौतिक सामग्री व्यवस्थापन (शौचालय र खानेपानी मर्मत सम्भार तथा व्यवस्थापन, माध्यमिक तह) | विद्यालय | प्राथमिकतामा परेका विद्यालयहरू | एकमुष्ट | ८,२०,००० | • शिक्षा समितिबाट आवश्यकताका आधारमा मावि छनोट<br>• लागत अनुमान (इष्टिमेट) तयारी<br>• मर्मत सम्भार र व्यवस्थापन<br>• कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• विल भर्पाई | प्राविधिक शाखा / सम्बन्धित विद्यालय विव्यस/शिक्षा शाखा | दोस्रो र तेस्रो त्रैमासिक |
| १५ | सामुदायिक विद्यालयमा सिकाईमैत्री, बालमैत्री वातावरण निर्माणका लागि भौतिक सामग्री व्यवस्थापन (शौचालय र खानेपानी मर्मत सम्भार, | विद्यालय | प्राथमिकतामा परेका विद्यालयहरू | एकमुष्ट | ९,००,००० | • विद्यालयको माग र अनुगमन छनोट<br>• खानेपानी तथा शौचालय सुधार कार्य सम्पन्न प्रमाण<br>• विल भर्पाइ तथा | प्राविधिक शाखा / सम्बन्धित विद्यालय विव्यस/शिक्षा शाखा | दोस्रो र तेस्रो त्रैमासिक |

| क्र. सं | स्वीकृत क्रियाकलापको विवरण | एकाइ | परिमाण | दर (रू.) | बजेट (रू.) | प्रगति सूचक | जिम्मेवार निकाय/अधिकारी | कार्यान्वयन समयावधि |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह) | | | | | अनुगमन प्रतिवेदन | | |
| १६ | सामुदायिक विद्यालयमा सिकाईमैत्री, बालमैत्री वातावरण निर्माणका लागि भौतिक सामग्री व्यवस्थापन (रङ्गरोगन माध्यमिक तह) | विद्यालय | प्राथमिकतामा परेका विद्यालयहरू | एकमुष्ट | ९,००,००० | • मावि तहका विद्यालय भवन छनोट<br>• रङ्गरोगन कार्यको अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदन<br>• विल भर्पाई | प्राविधिक शाखा / सम्बन्धित विद्यालय विव्यस/शिक्षा शाखा | दोस्रो र तेस्रो त्रैमासिक |
| १७ | सामुदायिक विद्यालयमा सिकाईमैत्री, बालमैत्री वातावरण निर्माणका लागि भौतिक सामग्री व्यवस्थापन (रङ्गरोगन आधारभूत तह) | विद्यालय | प्राथमिकतामा परेका विद्यालयहरू | एकमुष्ट | ९,००,००० | • आधारभूत विद्यालय भवन छनोट<br>रङ्गरोगन कार्यको अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदन<br>• विल भर्पाई | प्राविधिक शाखा / सम्बन्धित विद्यालय विव्यस/शिक्षा शाखा | दोस्रो र तेस्रो त्रैमासिक |
| १८ | उत्कृष्ट विद्यार्थी (कक्षा ८, १० र १२) सम्मान तथा नगद पुरस्कार वितरण तथा कार्यक्रम व्यवस्थापन | जना | ९ | एकमुष्ट | १,५०,००० | • नतिजाका आधारमा उत्कृष्ट विद्यार्थी छनोट गरी पुरस्कार तथा प्रमाण पत्र वितरण गरीएको विद्यार्थी संख्या<br>• आवश्यक विल भर्पाइ तथा कागजात | शिक्षा शाखा | प्रथम त्रैमासिक (असोज) |
| १९ | अतिरिक्त क्रियाकलाप सञ्चालन तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम खर्च | पटक | आवश्यकतानुसार | एकमुष्ट | ३,००,००० | • अतिरिक्त विधाका कार्यकलाप तय गरी प्रतियोगिता | शिक्षा शाखा | शैक्षिक सत्रभर विभिन्न |

| क्र. सं | स्वीकृत क्रियाकलापको विवरण | एकाइ | परिमाण | दर (रू.) | बजेट (रू.) | प्रगति सूचक | जिम्मेवार निकाय/अधिकारी | कार्यान्वयन समयावधि |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सञ्चालन अभिलेख<br>• पुरस्कार वितरण अभिलेखा तथा विल भर्पाई | | समयमा |
| २० | शिक्षकहरूका लागि झोला खरिद व्यवस्थापन खर्च | संख्या | २८० जना | एकमुष्ट | ९,८०,००० | • झोला प्राप्त गर्ने शिक्षकहरूको संख्या<br>• खरिद तथा वितरण गरिएको आवश्यक विल भर्पाई | शिक्षा शाखा | प्रथम त्रैमासिक (साउन - असोज) |
| २१ | शैक्षिक भित्ते पात्रो छपाई तथा वितरण खर्च | पटक | १ | ८०,००० | ८०,००० | • भित्ते पात्रो विद्यालयमा वितरण गरिएको भर्पाइ<br>• छपाइ विल तथा अन्य भर्पाइ | शिक्षा शाखा | तेस्रो चौमासिक (फागुन - चैत) |
| २२ | सामुदायिक विद्यालयहरूमा खेलकुद सामग्रीहरू खरिद तथा वितरण | पटक | १ | एकमुष्ट | ५,१२,२०० | • खेलकुद सामग्री खरिदका आवश्यक विल भर्पाइ<br>• विद्यालयमा वितरण र हस्तान्तरण अभिलेख | शिक्षा शाखा / जिन्सी शाखा | दोस्रो त्रैमासिक |
| २३ | खेल विधा तर्फका शिक्षकहरूका लागि ५ दिनको प्रशिक्षक प्रशिक्षण आधारभूत तालिम सञ्चालन | जना | १७ | ९,००० | १,५३,००० | कार्यक्रमको प्रस्तावना र कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• आवश्यक विल भर्पाई तथा | शिक्षा शाखा | दोस्रो त्रैमासिक |

| क्र. सं | स्वीकृत क्रियाकलापको विवरण | एकाइ | परिमाण | दर (रू.) | बजेट (रू.) | प्रगति सूचक | जिम्मेवार निकाय/अधिकारी | कार्यान्वयन समयावधि |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कागजातहरू<br>• कार्यक्रममा सहभागी संख्या र विषय वस्तु | | |
| | **कुल जम्मा** | | | | **१,६५,००,०००** | | | |

## खण्ड: ३
## क्रियाकलापगत कार्यान्वयन प्रक्रिया तथा मापदण्ड

विशेष अनुदान अन्तर्गतका शैक्षिक सुदृढीकरण कार्यक्रमलाई परिणाममुखी बनाउन तोकिएको कार्यान्वयन प्रक्रिया र कार्यविधि निम्न बमोजिम हुनेछ:

**१. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन ससमितिका अध्यक्षहरूलाई अभिमुखीकरण कार्यक्रम**(क्र.सं. १)

- **कार्यान्वयन प्रक्रिया:** गाउँपालिका भित्रका सञ्चालित विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसहित ७० जना आमन्त्रण गरी **नीति, नियम, कार्यविधि, मापदण्ड, वार्षिक कार्यक्रम कार्यान्वयनका लागि विद्यालय सहजीकरण तथा शैक्षिक नेतृत्व, विद्यालय सुधार योजना (SIP) निर्माण र विद्यालय सुशासन सम्बन्धी** १ दिने अभिमुखीकरण गोष्ठी सञ्चालन गरिनेछ।

- **खर्च विधि:** आमन्त्रित विज्ञ सहजकर्ताको पारिश्रमिक, सहभागीहरूको खाजा र शैक्षिक सामग्री व्यवस्थापनमा प्रति सहभागी रू. २,००० को सीमाभित्र रही नियमानुसार शिक्षा शाखाले कार्यतालिका बनाई खर्च गर्नेछ।

**२. विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन कार्यान्वयन प्रक्रिया:**

क) गाउँ सभाको मिति २०८३।०३।३१ को निर्णयबाट कार्यक्रममा तोकिएको स्वीकृत कोटा तथा बजेटको परिधिमा रही तपसिलअनुसार विद्यालय छनोट गर्ने। विद्यालय छनोट गर्दा शिक्षा समितिले प्रस्ताव माग गरी देहायका आधारमा प्राथमिकता तय गरी छनोट गर्नेः

i) पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएका वा पर्याप्त नभएका माध्यमिक विद्यालय
ii) विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालय
iii) आवश्यक कोठा तथा अन्य पूर्वाधार रहेका विद्यालय

शिक्षा शाखाले विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT पूर्वाधारको अवस्थाको विद्यालयगत सूची तयार गर्ने। सो सूची मध्येबाट सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको र सामग्री पर्याप्त

भए नभएको सुनिश्चित गरी उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयलाई अनुदान उपलब्ध गराउने गरी विद्यालयबाट प्रस्ताव माग गर्ने। विद्यालयको प्रस्ताव **र सञ्चालनः** (क्र.सं. २)

ख) मूल्याङ्कन गरी स्वीकृत कोटा बमोजिम शिक्षा समितिबाट विद्यालय छनोट गर्ने,

ग) छनोट भएका विद्यालयलाई प्रतिविद्यालय एकमुष्ट ९ लाखका दरले अनुदान दिने,

घ) यस कार्यक्रम कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको आवश्यकताको सूचीलाई आधार मानी औचित्यताको आधारमा विनियोजित बजेटबाट खरिद गर्ने जिम्मेवारी विद्यालयको हुने र सामग्रीको स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयलाई उपलब्ध गराउने,

ङ) पुस्तकालय अनुदान प्राप्त गर्ने विद्यालयले पुस्तकालय विस्तारका लागि छनोट भएका पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने। लाइब्रेरीका लागि आवश्यक फर्निचरहरू जस्तैः पुस्तक, र्‍याक, बसाइ व्यवस्थाका लागि कुर्सी टेबुल लगायतका सामग्री व्यवस्था गर्न कुल वजेटको २५% सम्म वजेट नियमानुसार खर्च गर्ने

च) विद्यालयले खरिद गरेका पुस्तकको सूची अनिवार्यरूपले गाउँपालिकामा पेस गर्नुपर्ने छ। यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको पठनपाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्री खरिद गर्न पाइने छैन। विद्यालयले पुस्तकालयमा पुस्तक व्यवस्था गर्दा कक्षा ११ र १२ का लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सामग्री अनिवार्य रूपमा समावेश गर्नुपर्ने,

- **खर्च विधि:** सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम गाउँपालिकाको शिक्षा शाखा र IT अधिकृतबाट लागत अनुमान (Estimate) /स्पेशिफिकेशन स्वीकृत गराइ विद्यालयले सार्वजनिक खरिद ऐन, नियमावलीको प्रक्रिया वमोजिम एकमुष्ट खरिद गरी विद्यालयहरूमा ICT वा विज्ञान प्रयोगशाला वा पुस्तकालय सामग्री व्यवस्थापन र सञ्चालन गर्नु पर्नेछ । विद्यालयले पेश गरेका विल, भर्पाइ, खरिद, दाखिला, लगायतका कागजात पेश गरेपश्चात् पालिकाको स्थलगत अनुगमन प्रतिवेदनसमेतका आधारमा प्रति विद्यालय रू. ९,००,००० को सीमा ननाघ्ने गरी निकासा दिने,

**३. गाउँ शिक्षा योजना तथा शिक्षा प्रोफाईल अद्यावधिक** (क्र.सं. ३)

- **कार्यान्वयन प्रक्रिया:** गाउँपालिकाको शैक्षिक वस्तुस्थितिको सही मूल्याङ्कनका लागि IEMIS को डेटाबेस र स्थलगत सर्वेक्षण फाराम संकलन गरी शिक्षा प्रोफाईल र गाउँ शिक्षा योजना आवधिक/परिमार्जन गरिनेछ ।
- **खर्च विधि:** शैक्षिक विज्ञ वा परामर्शदाता पारिश्रमिक, कार्यशाला सञ्चालन, फिल्ड कर्मचारी पारिश्रमिक, डाटा इन्ट्री, डाटा विश्लेषण र योजनाको फाइनल कपी तयारी तथा छपाई सम्पादनका लागि तोकिएको एकमुष्ट बजेट रू. १,५०,००० भित्र रही नियमअनुसार खर्च गरिनेछ ।

**४. शिक्षक पेसागत विकास (TPD) अभिवृद्धि तालिम - ५ दिने** (क्र.सं. ४)

- **कार्यान्वयन प्रक्रिया:**

  क) पाठ्यक्रमको तालिम प्राप्त नगरेका विद्यालयका शिक्षकलाई प्राथमिकता दिई तालिममा सहभागी गराउने,

  ख) पाठ्यक्रमसम्बन्धी तालिम प्राप्त प्रशिक्षकबाट तालिम सञ्चालन गर्ने,

  ग) तालिमका सहभागी छनोट गर्दा प्रत्येक विद्यालयका कम्तीमा १ जना शिक्षक सहभागी हुने सुनिश्चितता गर्ने,

ङ) तालिममा सिकेका कुरा अन्य शिक्षकहरूलाई जानकारी गराउने,

च) स्वीकृत बजेटको परिधिभित्र रही विद्यालयका थप शिक्षक तथा संस्थागत विद्यालय शिक्षकका लागि तालिम सञ्चालन गर्न सकिने।

छ) शिक्षण सिकाई विधि, सूचना प्रविधिको प्रयोग वा विषयगत कठिनाइका क्षेत्र समेटेर ४० जना शिक्षकका विषय प्रकृति अनुसार स-साना समूहमा विभिन्न चरणमा ५ दिने क्षमता विकास तालिम आयोजना गर्न सकिनेछ।

- **खर्च विधि:** तालिम सञ्चालन सम्बन्धी केन्द्रको मापदण्ड अनुसार विज्ञ प्रशिक्षक, हल व्यवस्थापन, स्टेशनरी र सहभागी संख्या, खाना, खाजा खर्च आदि शीर्षकमा प्रतिसहभागी रू. ९,००० को बजेट सीमाभित्र रही शिक्षा शाखाले खर्च व्यवस्थापन गर्नेछ।

### ५. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक अद्यावधिक, छपाई तथा प्रवोधिकरण (क्र.सं. ५, ६, ७, ८, ९, १०)

- **कार्यान्वयन प्रक्रिया:**

क) कक्षा १-५ र ६-८ को स्थानीय पाठ्यक्रमलाई विज्ञ टोली र कार्यदल मार्फत अद्यावधिक गराइनेछ।(क्र.सं. ८)

ख) अद्यावधिक पाठ्यक्रमका आधारमा स्थानीय पाठ्यपुस्तक तयारी गरी शैक्षिक सत्रको सुरूवात अगावै विद्यालयका विद्यार्थी सङ्ख्या अनुसार मुद्रण तथा छपाई कार्य सम्पन्न गरिनेछ (क्र.सं. ५ र ६)।

ग) अद्यावधिक नयाँ स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकलाई विद्यालयमा प्रभावकारी रूपमा लागू गर्न र सही ढङ्गले सिकाउनका लागि ६० जना शिक्षकलाई स्थानीय पाठ्यपुस्तक अभिमुखीकरण कार्यक्रम प्रथम त्रैमासिकिभित्र सञ्चालन गरिनेछ (क्र.सं. ७) साथै ५१ जना शिक्षकलाई नयाँ पाठ्यक्रम प्रवोधिकरण (क्र.सं. १०) सम्बन्धी अभिमुखीकरण सञ्चालन गरिनेछ।

घ) ११० थान पाठ्यक्रम छपाई गरी प्रत्येक विद्यालय र सरोकारवालालाई वितरण गरिनेछ। (क्र.सं. ९)

- **खर्च विधि:** कक्षा १-५ को हकमा प्रतिकक्षा पाठ्यपुस्तक लेखन/परिमार्जन पारिश्रमिक २० हजार र कक्षा ६-८ को हकमा प्रतिकक्षा पाठ्यपुस्तक लेखन/परिमार्जन पारिश्रमिक २५ हजार रकम हुनेछ। मुद्रण खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, नियमावली वमोजिम गरिनेछ र शिक्षकहरूको अभिमुखीकरण भत्ता व्यवस्थापनमा तोकिएको बजेट शीर्षक अनुसार खर्चको पारदर्शी अभिलेख राख्नु पर्नेछ।

### ६. विद्यालय अनुगमन, अवलोकन, जोखिम न्यूनीकरण तथा मनोसामाजिक परामर्श (क्र.सं. ११, १२, १३)

- **कार्यान्वयन प्रक्रिया:**

क) **अनुगमन र जोखिम नक्साङ्कन:** गाउँपालिका भित्रका ३१ वटा विद्यालयहरूको शैक्षिक गुणस्तर मापन र प्राकृतिक/भौतिक जोखिम न्यूनीकरणका लागि विषयगत रोष्टर शिक्षक र प्राविधिक सहितको टोली खटाई अनुगमन, अवलोकन र नक्साङ्कन गरी अनिवार्य प्रतिवेदन तयार पारिनेछ (क्र.सं. ११ र १२)।

ख) **मनोसामाजिक परामर्श:** विद्यार्थीहरूको मानसिक स्वास्थ्य, सिकाइप्रतिको तनाव र सिकाई वातावरण सहज बनाउन प्राथमिकताका आधारमा १४ वटा कक्षा ६-१२ सञ्चालित विद्यालयहरूमा विज्ञ परामर्शदाता मार्फत मनोसामाजिक परामर्श अभिमुखीकरण सञ्चालन गरिनेछ (क्र.सं. १३)।

- **खर्च विधि:** विद्यालय अनुगमन र जोखिम नक्साङ्कनका लागि प्रति विद्यालय रू. ५,००० को मापदण्डमा रहेर खाजा, खाना तथा पारिश्रमिक व्यवस्थापन गर्नु पर्नेछ। मनोसामाजिक परामर्शका लागि प्रति विद्यालय रू. १०,००० को स्वीकृत सीमाभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। साथै भ्रमण, प्रतिवेदन तयारी र सहजकर्ता पारिश्रमिक खर्च बेहोरिनेछ सोही रकमभित्र रहेर गर्नु पर्नेछ।

**७. सिकाईमैत्री, बालमैत्री वातावरण तथा भौतिक सामग्री व्यवस्थापन - शौचालय, खानेपानी र रङ्गरोगन (क्र.सं. १४, १५, १६, १७)**

- **कार्यान्वयन प्रक्रिया:** गाउँ शिक्षा समितिको निर्णयका आधारमा गाउँपालिका भित्रका शौचालय समस्या भएका वा खानेपानीको समस्या रहेका र रङ्गरोगन नभएका आधारभूत तथा माध्यमिक विद्यालयहरू छनोट गरिनेछ।

- **खर्च विधि:**

क) माध्यमिक तह शौचालय र खानेपानीका लागि रू. ८,२०,००० र आधारभूत तहका लागि रू. ९,००,००० विनियोजन गरिएको छ।

ख) माध्यमिक तह रङ्गरोगनका लागि रू. ९,००,००० र आधारभूत तहका लागि रू. ९,००,००० एकमुष्ट विनियोजन गरिएको छ।

ग) छनोट भएका विद्यालयहरूको प्राविधिक लागत अनुमान (Estimate) स्वीकृत गरी विद्यालय व्यवस्थापन समितिसँग सम्झौता गरी वा उपभोक्ता समिति मार्फत वा सार्वजनिक खरिद ऐन, नियमावली विधिबाट जनशक्ति परिचालन गरी काम सम्पन्न भएपश्चात आवश्यक विल भर्पाई तथा स्थलगत प्रतिवेदन समेतका आधारमा नियमानुसार विद्यालय वा सम्वन्धि फर्मको खातामा रकम निकासा गर्नु पर्नेछ।

**८. उत्कृष्ट विद्यार्थी सम्मान र अतिरिक्त क्रियाकलाप सञ्चालन (क्र.सं. १८, १९)**

- **कार्यान्वयन प्रक्रिया:** गाउँपालिका स्तरमा शैक्षिक सत्र २०८२/८३ को वार्षिक परीक्षामा कक्षा ८, १० र १२ मा सर्वोत्कृष्ट अङ्क ल्याउने प्रथम, द्वितीय र तृतीय गरी ९ जना विद्यार्थीहरूलाई सार्वजनिक समारोह बीच नगद पुरस्कार र प्रशंसापत्र सहित सम्मान गरिनेछ (क्र.सं. १८)। साथै, विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि आवश्यकता अनुसार पालिका वा वडा वा विद्यालय स्तरीय प्रतिभा पहिचान लगायतका सिर्जनशील अतिरिक्त शैक्षिक/खेलकुद विधाका प्रतियोगिताहरू आयोजना गरिनेछ (क्र.सं. १९)।
- **खर्च विधि:** नगद पुरस्कार रकम, ट्रफी, मेडल, प्रशंसापत्र छपाई र अतिरिक्त क्रियाकलाप सञ्चालनको एकमुष्ट बजेट सीमा (रू. १,५०,००० र रू. ३,००,०००) भित्र रही खर्च गरिनेछ। पुरस्कारको धन राशी शिक्षा समितिले वजेट सीमा भित्र रहेर निर्धारण गर्नेछ।

**९. शिक्षक झोला, शैक्षिक भित्ते पात्रो र खेलकुद सामग्री व्यवस्थापन** (क्र.सं. २०, २१, २२)

- **कार्यान्वयन प्रक्रिया:**

क) गाउँपालिका भित्र कार्यरत २८० जना शिक्षकहरूका लागि प्रोत्साहन स्वरूप एकै प्रकारको गुणस्तरीय झोला खरिद गरिनेछ (क्र.सं. २०)।

ख) गाउँपालिकाको शैक्षिक क्यालेण्डर, बिदा र विद्यालय गतिविधि समेटिएको शैक्षिक भित्ते पात्रो छपाई गरी वितरण गरिनेछ (क्र.सं. २१)।

ग) सबै सामुदायिक विद्यालयहरूको खेलकुद विकासका लागि भलिबल, क्रिकेट, एथलेटिक्स विधाको विभिन्न इभेन्ट लगायतका खेल सामग्री खरिद गरी वितरण गरिनेछ (क्र.सं. २२)।

- **खर्च विधि:** शिक्षक झोला (एममुष्ट रू. ९,८०,०००), शैक्षिक भित्ते पात्रो एकमुष्ट (रू. ८०,०००) र खेलकुद सामग्रीहरू एकमुष्ट (रू. ५,१२,२००) को बजेट सीमाभित्र रही सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरी भण्डार दाखिला गरेर मात्र वितरण गरिनेछ।

**१०. खेल शिक्षक प्रशिक्षक प्रशिक्षण तालिम - ५ दिने (क्र.सं. २३)**

- **कार्यान्वयन प्रक्रिया:** विद्यालयहरूमा खेलकुद गतिविधिलाई व्यावसायिक र नियमसंगत सञ्चालन गर्न खेलकुद शिक्षक वा खेलकुदमा रुचि भएका १७ जना शिक्षकहरू विद्यालयबाट छनोट गरी पठाउन विद्यालयलाई सूचना गरिनेछ र ५ दिने प्रशिक्षक प्रशिक्षण (TOT) आधारभूत तालिम सञ्चालन गरिनेछ।
- **खर्च विधि:** खेलकुद विधाका राष्ट्रिय वा प्रादेशिक प्रशिक्षकको पारिश्रमिक, खेल मैदान/हल व्यवस्थापन, स्टेशनरी र सहभागी खाजा खर्च लगायतको व्यवस्थापन प्रतिसहभागी रू. ९,००० को बजेट सीमा (कुल रू. १,५३,०००) भित्र रही खर्च बेहोरिनेछ।

## खण्ड: ४
## आर्थिक प्रशासन, अनुगमन तथा प्रतिवेदन प्रणाली

### १. वित्तीय अनुशासन र निकासा प्रक्रिया

- यो कार्यक्रम नेपाल सरकारको विशेष अनुदान अन्तर्गत गाउँ सभाको मिति २०८३ असार…….. गतेको बैठकबाट स्वीकृत भइसकेकाले तोकिएको क्रियाकलाप र बजेट शीर्षक बाहेक अन्यत्र रकमान्तर गर्न पाइने छैन।
- विद्यालय स्तरबाट सम्पादन हुने भौतिक मर्मत सम्भार र ICT सामग्री व्यवस्थापनको हकमा विल भर्पाइ र आवश्यक कागजातसहित प्राविधिक मूल्याङ्कन तथा प्रतिवेदनका आधारमा विद्यालयको बैंङ्क खातामा रकम निकासा गरिनेछ ।
- प्रत्येक खर्चको सक्कल बिल भरपाई, सार्वजनिक खरिद प्रक्रियाका कागजातहरू, विद्यालय व्यवस्थापन समितिको निर्णय र सामाजिक परीक्षणको प्रतिवेदन विद्यालयले सुरक्षित राख्नुपर्नेछ र पालिकामा समेत पेश गर्नु पर्नेछ।

### २. अनुगमन र प्रतिवेदन प्रणाली

- यस कार्यविधि बमोजिमका कार्यक्रमहरूको सफलतापूर्वक कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी गाउँपालिकाका **प्रमुख प्रशासकीय अधिकृत** र **शिक्षा शाखा प्रमुख**को हुनेछ।
- भौतिक निर्माण र विभिन्न कार्यक्रमहरू वितरण गरिएका विद्यालयहरूका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले कार्य सम्पन्न प्रतिवेदन र खर्चको फाँटवारी शिक्षा शाखामा पेस गर्नुपर्नेछ।
- गाउँपालिकाले प्रत्येक त्रैमासिक रूपमा कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा वित्तीय एवं भौतिक प्रगतिको एकीकृत प्रतिवेदन बुझाउनुपर्नेछ र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट अनिवार्य रूपमा गराउनुपर्नेछ।

## खण्ड:५
## उत्कृष्ट विद्यार्थी छनोट तथा पुरस्कार वितरण (क्र.सं. १८ को लागि)

- **गाउँपालिका भित्रका उत्कृष्ट ९ जना विद्यार्थीहरू (कक्षा ८, १० र १२ बाट ३/३ जना) को पारदर्शी र वस्तुनिष्ठ छनोटका लागि निम्न बमोजिम गरिनेछ:**

  क) कक्षा ८, १० र १२ को वार्षिक परीक्षाको नतिजा
  ख) शैक्षिक उपलब्धि (GPA अङ्क) उच्च भएको शिक्षा शाखाको प्रमाणित अभिलेख
  ग) सामुदायिक विद्यालयमा नियमित अध्ययन गरी परीक्षामा सहभागी भएको

- **छनोट समिति र निर्णय प्रक्रिया**

  विद्यार्थी छनोटका लागि गाउँपालिकामा **"उत्कृष्ट विद्यार्थी पुरस्कार छनोट उपसमिति"** गठन हुनेछ:
  १. गाउँपालिकाको शिक्षा शाखा प्रमुख - **संयोजक**
  २. गाउँ शिक्षा समितिले तोकेको शिक्षक (१ जना) - **सदस्य**
  ३. शिक्षा शाखाको परीक्षा फाँट हेर्ने कर्मचारी - **सदस्य सचिव**

  दुई वा दुईभन्दा बढी विद्यार्थीको शैक्षिक उपलब्धि (GPA) बराबर भएमा गणित र विज्ञान विषयमा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीलाई प्राथमिकता दिइनेछ।

## खण्ड:६
## विद्यालय अनुगमन, अवलोकन तथा कार्यसम्पादन फाराम (क्र.सं. ११ र १२ को लागि)

विषयगत रोष्टर शिक्षक र शिक्षा शाखाको संयुक्त टोलीले विद्यालय अनुगमन र जोखिम नक्साङ्कन गर्दा प्रयोग गर्ने **विशिष्ट फाराम** निम्न बमोजिम हुनेछ:

**के. आई. सिंह गाउँपालिका - शैक्षिक तथा भौतिक अनुगमन फाराम २०८३**

**१. विद्यालयको सामान्य विवरण:**

विद्यालयको नाम: ................................................... वडा नं. : .................
प्रधानाध्यापकको नाम: .......................................सम्पर्क नं. : ..................................

- विद्यालयको तह (आधारभूत/माध्यमिक): .......................विद्यार्थी कुल सङ्ख्या: .................
- अनुगमनको मिति: २०८३ / ........ / ........

**२. शैक्षिक तथा सिकाई वातावरण मूल्याङ्कन (अङ्क भार: ५०):**

*(१ देखि ५ सम्म अङ्क दिने: १=अति कमजोर, ५=उत्कृष्ट)*

| क्र.सं | अनुगमनका सूचकहरू | प्राप्ताङ्क (१-५) | कैफियत / सुधार गर्नुपर्ने कुराहरू |
|---|---|---|---|
| १ | कक्षा कोठामा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोगको अवस्था | | |
| २ | शिक्षकहरूले शिक्षण सिकाईमा ICT, शैक्षिक सामग्री वा डिजिटल बोर्ड प्रयोग गरे नगरेको | | |
| ३ | विद्यार्थीहरूको दैनिक उपस्थिति र EMIS (IEMIS) मा नियमित अपडेटको अवस्था | | |
| ४ | पुस्तकालय/विज्ञान प्रयोगशाला सञ्चालन र विद्यार्थीहरूको पहुँच | | |
| ५ | निरन्तर विद्यार्थी मूल्याङ्कन र उपचारात्मक शिक्षण सिकाई विधिको कार्यान्वयन | | |
| ६ | विद्यालयमा अतिरिक्त क्रियाकलाप र खेलकुद सामग्रीको उचित भण्डारण एवं प्रयोग | | |
| ७ | शिक्षकहरूको शिक्षक डायरी र शैक्षिक योजना निर्माणको अवस्था | | |
| ८ | प्रधानाध्यापक र विव्यस बीचको समन्वय र नियमित बैठकको अवस्था | | |
| ९ | विद्यार्थीहरूमा मनोसामाजिक समस्याको पहिचान र परामर्श | | |

| | | | |
|---|---|---|---|
| | सेवाको उपलब्धता | | |
| १० | विद्यालयको शैक्षिक भित्ते क्यालेण्डर बमोजिम सञ्चालन भए/नभएको | | |
| | **कुल शैक्षिक प्राप्ताङ्क (Max: ५०)** | ....... | |

### ३. भौतिक पूर्वाधार तथा जोखिम न्यूनीकरण अवस्था (अङ्क भार: ५०):

| क्र.सं | अनुगमनका सूचकहरू | प्राप्ताङ्क (१-५) | कैफियत / भौतिक सुधारको आवश्यकता |
|---|---|---|---|
| १ | शौचालयको अवस्था (छात्र र छात्राका लागि छुट्टाछुट्टै र बालमैत्री भए/नभएको) | | |
| २ | स्वच्छ खानेपानीको उपलब्धता र फिल्टर/वितरण प्रणालीको अवस्था | | |
| ३ | विद्यालय भवनको रङ्गरोगन, सरसफाई र कक्षाकोठाको बसाइ व्यवस्थापन | | |
| ४ | प्राकृतिक विपद् (बाढी, पहिरो, भूकम्प) को दृष्टिले विद्यालयको भौतिक सुरक्षा स्थिति | | |
| ५ | विद्यालय हाताभित्र घेराबार (कम्पाउण्ड वाल) र खेल मैदानको अवस्था | | |
| ६ | विद्युतीकरण, इन्टरनेट जडान र ल्याबको भौतिक सुरक्षा र साँचो व्यवस्थापन | | |
| ७ | शौचालय र खानेपानी मर्मत सम्भारका लागि विनियोजित बजेटको उपयोगको स्थिति | | |
| ८ | प्राथमिक उपचार बाकस (First Aid Box) र आकस्मिक निकासको व्यवस्था | | |
| ९ | विद्यालयको वातावरणीय हरियाली र फोहोरमैला व्यवस्थापन प्रणाली | | |
| १० | भवन मर्मत र पूर्वाधार निर्माणमा उपभोक्ता समिति वा विव्यसको सक्रियता | | |
| | **कुल भौतिक प्राप्ताङ्क (Max: ५०)** | ........... | |

**४. अनुगमन टोलीको समग्र निष्कर्ष तथा निर्देशन:**

- विद्यालयको सबल पक्षहरू: ....................................................................................................
- तत्कालन सुधार गर्नुपर्ने मुख्य क्षेत्रहरू: ...........................................................................................
- गाउँपालिका शिक्षा शाखालाई सिफारिस (भौतिक वा शैक्षिक अनुदान निरन्तरता/रोक्का):

...........................................

..........................................

**अनुगमनकर्ता/रोष्टर शिक्षकको हस्ताक्षर**

..........................................

**प्रधानाध्यापकको हस्ताक्षर (विद्यालयको छाप)**

**गाउँसभाबाट स्वीकृत मिति: २०८३/०३/३१**

**आज्ञाले,**
**हिमाल डंगौरा**
**प्रमुख प्रशासकीय अधिकृत**